# गल्छी गाउँपालिकाको शिक्षा ऐन, २०८०

सभाबाट पारित मितिः

मस्यौदा

**गल्छी गाउँपालिका**

**बैरेनी, धादिङ**

**बागमती प्रदेश, नेपाल**

# गल्छी गाउँपालिकाको शिक्षा ऐन,२०८०

## प्रस्तावना

गल्छी गाउँपालिकामा बस्ने हरेक बालबालिका र नागरिकको शिक्षासम्बन्धी हकलाई सुनिश्चित गर्न, समग्र देशको विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक संघीय  शासन व्यवस्था अनुकूल, गल्छीगाउँबासीहरुको ज्ञान, सिप, सदाचार र बौद्धिकता वृद्धि गर्न, सुशासन कायम गरी पारदर्शी बनाउन, शैक्षिक असमानतालाई न्यूनीकरण गरी गुणस्तरीय शिक्षामा सम्पूर्ण गल्छीबासीको सहज पहुँच कायम गर्न हाल सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापकीय सुधार गर्दै समय सापेक्ष शैक्षिक विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान (२०७२) को धारा २२६(१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) ले प्रदान गरेको अधिकार प्रयोग गरी  गल्छी गाउँपालिकाको ...... औं गाउँसभाले यो गल्छी गाउँपालिकाको शिक्षा ऐन २०८० पारित गरी जारी गरेको छ ।

मस्यौदा

## परिच्छेदः १

## प्रारम्भिक, संक्षिप्त नाम र परिभाषाः

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो ऐनको नाम ‘गल्छी गाउँपालिकाको शिक्षा ऐन, २०८०’ रहेको छ ।

(ख) यो ऐन गल्छी गाउँपालिका क्षेत्र भित्र लागु हुनेछ ।

(ग) यो ऐन गल्छी गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) ‘अनुमति’ भन्नाले नेपाल सरकार वा गाउँपालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ख) ‘आधारभूत तह परीक्षा’ भन्नाले आधारभूत तह (कक्षा ८) को अन्त्यमा लिइने परीक्षा सम्झनु पर्दछ ।

(ग) ऐन भन्नाले ‘गल्छी गाउँपालिकाको शिक्षा ऐन, २०८०’ लाई सम्झनु पर्दछ ।

(घ) ‘कार्यपालिका’ भन्नाले गल्छी गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ङ) ‘कोष’ भन्नाले यसै ऐनको दफा २२ बमोजिमको विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्दछ ।

(च) ‘तोकिए वा तोकिएबमोजिम’ भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम भन्ने जनाउँछ ।

(छ) ‘धार्मिक विद्यालय’ भन्नाले सनातनदेखि चलिआएको आ-आफ्नो रीतिरिवाज, संस्कृति र मूल्य मान्यता अनुसार सञ्चालन हुने गुरुकुल, गुम्बा, मदरसा लगायतलाई सम्झनु पर्दछ ।

(ज) ‘उपाध्यक्ष’ भन्नाले गल्छी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(झ) ‘अध्यक्ष’ भन्नाले गल्छी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ञ) ‘गाउँपालिका’ भन्नाले नेपालको संविधान बमोजिम गठन भएको गल्छी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ट) "परिवार भन्नाले शिक्षक वा कर्मचारीसँग एकाघर सगोलमा बस्ने तथा निज आफैले पालन पोषण गर्नुपर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्दछ र सो

शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासु, ससुरालाई समेत जनाउँछ ।

(ठ) 'परीक्षा समिति' भन्नाले दफा १३ बमोजिम गठन हुने परीक्षा सञ्चालन तथा समन्वय समिति सम्झनु पर्दछ ।

(ड) 'पाठ्यक्रम विकास केन्द्र' भन्नाले संघीय शिक्षा ऐन बमोजिम पाठ्यक्रम निर्माणका लागि स्थापना भएको निकायलाई सम्झनु पर्दछ ।

(ढ) 'प्रधानाध्यापक' भन्नाले दफा ३६ बमोजिम नियुक्त विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(ण) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको गल्छी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(त) 'प्रारम्भिक बाल विकास केन्द्र' भन्नाले चार वर्ष उमेर पूरा भएका बालबालिकाका लागि दफा ८ बमोजिम खोलिएको प्रारम्भिक बाल विकास केन्द्र, मन्टेश्वरी, नर्सरी, केजी आदि सम्झनु पर्दछ ।

(थ) 'प्रारम्भिक बालविकास शिक्षा' भन्नाले ४ वर्ष उमेर पुगेका बालबालिकाहरुलाई मनोरञ्जनात्मक विधिबाट शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक विकासका लागि सामुदायिक र संस्थागत रुपमा दिइने प्रारम्भिक बाल विकास शिक्षा सम्झनु पर्दछ ।

(द) 'प्राविधिक तथा व्यवसायिक शिक्षा' भन्नाले प्राविधिक ज्ञान, सिप, दक्षता तथा विषयवस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्ने कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्दछ ।

(ध) 'प्राविधिक विद्यालय' भन्नाले गाउँपालिकाले आवश्यकताका आधारमा विषयगत क्षेत्रको प्राविधिक जनशक्ति उत्पादन गर्न कृषि, पर्यटन, इञ्जिनियरिङ, सूचना प्रविधि, वन विज्ञान लगायतका प्राविधिक धारको कक्षा सञ्चालन हुने गरी सञ्चालन गरेको वा सञ्चालन गर्न अनुमति दिएको सामुदायिक वा संस्थागत विद्यालय सम्झनु पर्दछ ।

(न) 'मातृभाषी शिक्षा' भन्नाले नेपाली भाषा र देवनागरी लिपिमा दिइने शिक्षा बाहेकको गल्छीमा बोलिने अन्य भाषा वा भाषा र लिपिमा दिइने शिक्षा सम्झनु पर्दछ ।

(प) 'विद्यालय' भन्नाले अनुमति वा स्वीकृति पाई सञ्चालनमा रहेका दफा ९ बमोजिमका विद्यालयहरु सम्झनु पर्दछ ।

(फ) 'विद्यालय शिक्षा' भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्दछ । (स्पष्टीकरणः आधारभूत तह भन्नाले प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ८ सम्म वा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ५ सम्म वा प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा ३ सम्म दिइने शिक्षा र माध्यमिक शिक्षा भन्नाले कक्षा ९ देखि कक्षा १२ सम्म वा कक्षा ९ देखि कक्षा १० सम्म दिइने शिक्षा सम्झनु पर्दछ ।)

(ब) 'विशेष शिक्षा' भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्दछ ।

(भ) 'विद्यालय व्यवस्थापन समिति' भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(म) 'शिक्षक सेवा आयोग' भन्नाले संघीय कानुनबमोजिम गठित शिक्षकहरुको नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनु पर्दछ ।

(य) 'शिक्षा युवा तथा खेलकुद शाखा' भन्नाले गल्छी गाउँपालिकाको शिक्षा र खेलकुद हेर्ने शाखालाई सम्झनु पर्दछ ।

(र) 'शिक्षा शाखा प्रमुख' भन्नाले गाउँपालिकाभित्रको विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन र मूल्याङ्कन गर्न तथा यस ऐन एवम् प्रचलित कानुनबमोजिम तोकिएको कार्य गर्न खटाइएको कर्मचारी सम्झनु पर्दछ।

(ल) 'शुल्क' भन्नाले संस्थागत विद्यालयले ऐन वा प्रचलित कानुनबमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्दछ।

(व) 'शैक्षिक सत्र' भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्दछ।

(श) 'संस्थागत विद्यालय' भन्नाले नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी, गुठी, सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्ने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(ष) 'समावेशी शिक्षा' भन्नाले देहायको शिक्षा सम्झनु पर्दछः १. दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्दतिको अधिनमा रही दिइने शिक्षा, २. सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(स) 'सहकारी विद्यालय' भन्नाले मुनाफारहित ढङ्गले सहकारीको भावना बमोजिम सञ्चालन हुने विद्यालयलाई सम्झनु पर्दछ।

(ह) 'सामुदायिक विद्यालय' भन्नाले नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(क्ष) 'सामुदायिक सिकाइ केन्द्र' भन्नाले समुदायस्तरमा सञ्चालन गरिने आजीवन सिकाइ, अध्ययन, अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनु पर्दछ।

(त्र) 'शिक्षा समिति' भन्नाले दफा १४ बमोजिम गठित गाउँ शिक्षा समितिलाई तथा 'वडा शिक्षा समिति' भन्नाले दफा १५ बमोजिम गठित वडा शिक्षा समितिलाई सम्झनु पर्दछ।

## परिच्छेदः २ दुई

## विद्यालय खोल्न अनुमति वा स्वीकृति दिने, तह वा कक्षा थपघट गर्ने विद्यालय गाभ्ने, स्थगन गर्ने र खारेजीसम्बन्धी व्यवस्था

**३. <u>विद्यालय खोल्न अनुमति लिनुपर्नेः</u>**

(१) नेपाली नागरिक वा नेपाली नागरिकको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठीअन्तर्गत संस्थागत विद्यालय खोल्न र तह वा कक्षा थप गर्न चाहेमा तोकिएको विवरण खुलाई गाउँपालिकाको शिक्षा शाखामा शैक्षिकसत्र सुरु हुनुभन्दा ३ महिना अगावै अनुमतिका लागि निवेदन पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदनउपर शिक्षा शाखाले आवश्यक जाँचबुझ गर्ने, जाँचबुझ गर्दा विद्यालय खोल्न तथा तह वा कक्षा थप गर्न मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्नेगरी सम्बन्धित वडा शिक्षा समितिको सिफारिस र गाउँ शिक्षा समितिको निर्णयमा शिक्षा शाखा प्रमुखले तोकिएको समयावधिभित्र अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्त बन्देज पालना गरेको देखिएमा वडा शिक्षा समितिको सिफारिस र गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखा प्रमुखले स्वीकृति प्रदान गर्नेछ।

(४) यसअघि नै अनुमति पाइसकेको माध्यमिक तहको कक्षा ११/१२ मा विषय थप गर्न वा अध्यापन गर्ने विषय परिवर्तन गर्न तोकिएबमोजिम विवरण खुलाई शैक्षिकसत्र सुरु हुनुभन्दा ३ महिना अगावै अनुमतिका लागि विद्यालयले शिक्षा शाखा प्रमुखसमक्ष निवेदन पेस गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा सो निवेदनउपर गाउँपालिकाको शिक्षा शाखाले आवश्यक जाँचबुझ गर्ने, जाँचबुझ गर्दा विषय थप वा परिवर्तन गर्न उपयुक्त देखिएमा तोकिएको शर्त बन्देज पालना गर्नेगरी सम्बन्धित वडा शिक्षा समितिको सिफारिस र गाउँ शिक्षा समितिको निर्णयमा शिक्षा शाखा प्रमुखले अनुमति दिनेछ।

(६) कुनै सामाजिक, परोपकारी, कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यबाट विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षा शाखा प्रमुखबाट अनुमति लिई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(७) उपदफा (४) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नुपर्ने शर्त बन्देज तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(८) मातृभाषी शिक्षा सञ्चालन गर्न तोकिएका सम्पूर्ण मापदण्डहरु पूरा गरेका र शर्त बन्देज पालना गर्ने शैक्षिक संस्थालाई गाउँपालिकाले आधारभूत तहसम्मको विद्यालय सञ्चालन गर्ने अनुमति र स्वीकृति दिन सक्नेछ ।

**४. गाउँपालिकाले विद्यालय सञ्चालन गर्न, गाभ्न, सार्न, नाम परिवर्तन गर्न, कक्षा वा तह घटाउन वा स्थगन गर्न वा बन्द गर्न सक्ने** :

(१) हाल सञ्चालनमा रहेका विद्यालयहरुलाई दूरी, विद्यार्थी संख्या, गुणस्तर, सञ्चालन र व्यवस्थापन क्षमताको आधारमा दुई वा सोभन्दी बढी विद्यालय गाभ्न, एक ठाउँबाट अर्को ठाउँमा सार्न, नाम परिवर्तन गर्न, कक्षा वा तह घटाउन वा स्थगन गर्न वा आवश्यक नभएको पर्याप्त आधार भए बन्द गर्न वा आवश्यक क्षेत्रमा खोल्न वा कक्षा थप गरी सञ्चालन गर्न, स्थगन वा बन्द गरिएको विद्यालय आवश्यकता र औचित्यका आधारमा पुनः खोल्न सम्बन्धित वडा शिक्षा समिति र गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति वा स्वीकृति दिन सक्नेछ । साथै आवश्यकतानुसार गाउँपालिकाले तोकिएबमोजिमका आधारमा कुनै विद्यालयमा प्राविधिक धारको विद्यालय सञ्चालनका लागि अनुमति दिन वा छुट्टै प्राविधिक विद्यालय सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्तिको व्यवस्थापन तोकिएबमोजिम हुनेछ।

**५. शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ कक्षा, विदेशी शैक्षिक कार्यक्रम सञ्चालन गर्नेः**

(१) कसैले पनि यस ऐनबमोजिम गाउँपालिकाबाट अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ कक्षा, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्वतयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक परामर्श सेवा, ब्रिजकोर्ष, शिक्षण कोर्ष, ट्युशन कोचिङ्ग कक्षा, भाषा शिक्षण कक्षा, होस्टल वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिएबमोजिम  हुनेछ ।

**६. अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनसम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्र मार्फत् आवश्यक पूर्वाधारको व्यवस्था पूरा गर्न लगाई अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** गाउँपालिकाले अनौपचारिक शिक्षाअन्तर्गत निरन्तर सिकाइ तथा साक्षरोत्तर शिक्षा र सिप विकास कार्यक्रम सञ्चालनका लागि तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**८. प्रारम्भिक बाल विकास केन्द्रसम्बन्धी व्यवस्थाः**

प्रारम्भिक  बाल विकास केन्द्रको सञ्चालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

# परिच्छेदः ३

## शिक्षाको प्रकार, माध्यम, पाठ्यक्रम र परीक्षा सञ्चालन सम्बन्धी व्यवस्था

९. **विद्यालयको प्रकारः** (१) विद्यालयको प्रकार देहायबमोजिम हुनेछः

(क) सामुदायिक साधारण/ प्राविधिक तथा व्यवसायिक

(ख) संस्थागत साधारण/प्राविधिक तथा व्यवसायिक

(ग) धार्मिक वा परम्परागत

(घ) मातृभाषी

(ङ) सहकारी

१०. **शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली वा अङ्ग्रेजी हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुनेछः

(क) भाषा विषयको हकमा सोही भाषा माध्यम हुनेछ।

(ख) आधारभूत तहसम्मको शिक्षा मातृभाषामा दिन सकिनेछ।

११. **विद्यालय शिक्षाको वर्गीकरणः** विद्यालय शिक्षा माध्यमिक शिक्षा र आधारभूत शिक्षा गरी दुई तहको हुनेछ।

१२. **विद्यालयको पाठ्यक्रम तथा पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गरी आवश्यक सिकाइ उपलब्धि हासिल हुनेगरी अध्ययन अध्यापन /शिक्षण सिकाइ गराउनु पर्नेछ। विद्यालयले संघीय सरकारले तोकेको मापदण्डबमोजिमको पाठ्यक्रम लागु गर्नुपर्नेछ। संघीय सरकारले तोकेको मापदण्ड बमोजिमको अधिनमा रही गाउँपालिकाले तयार गरेको स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक समेत विद्यालयले लागु गर्नुपर्नेछ। स्थानीय आवश्यकताको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गर्नका लागि गाउँपालिकाले पाठ्यक्रम र शिक्षाविद्हरुको समूह बनाई पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण र विकास गर्न सक्नेछ।

१३. **आधारभूत तह (कक्षा ८) परीक्षा समितिः**

(१) गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापनका लागि देहायका पदाधिकारीहरु सम्मिलित एक आधारभूत तह परीक्षा समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) आधारभूत तह (कक्षा ८) सञ्चालित माध्यमिक तथा आधारभूत विद्यालयका शिक्षकहरूमध्येबाट कम्तीमा १ जना महिलासहित गाउँ शिक्षा समितिबाट मनोनित ३ जना - सदस्य

(ग) संयोजकले तोकेको गाउँपालिकाका अधिकृत कर्मचारीहरुमध्येबाट १ जना -सदस्य

(घ) संस्थागत विद्यालयका प्रधानाध्यापकहरुमध्ये गाउँपालिका अध्यक्षले तोकेको एक जना - सदस्य

(ङ) शिक्षा शाखा प्रमुख - सदस्य सचिव

(२) परीक्षा सञ्चालन, अनुगमन, नियमन, नतिजा प्रकाशन तथा अभिलेख व्यवस्थापन सम्बन्धी मापदण्ड र प्रक्रिया तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (१) को खण्ड (ख), (ग) र (घ) बमोजिमका सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

# परिच्छेद: ४

# गाउँ शिक्षा तथा वडा शिक्षा समिति, शिक्षक छनौट समिति, शिक्षा शाखा प्रमुखसम्बन्धी व्यवस्था:

**१४.गाउँ शिक्षा समितिको गठन:**

(१) गाउँपालिकामा देहायबमोजिमको एक शिक्षा समिति रहनेछः

| | |
|---|---|
| (क) गाउँपालिकाको अध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (घ) गाउँ कार्यपालिकाका सदस्यहरुमध्ये एकजना दलित र एक जना महिलासमेत रहने गरी कार्यपालिकाले मनोनित गरेको दुईजना | सदस्य |
| (ङ) सामुदायिक विद्यालयमध्येबाट आधारभूत र माध्यमिक विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुमध्ये एकजना महिलासमेत गाउँ कार्यपालिकाले मनोनित गरेको तीन जना | सदस्य |
| (च) गाउँपालिका क्षेत्रभित्रका शिक्षाप्रेमी/शिक्षाविद्हरुमध्येबाट गाउँ कार्यपालिकाले मनोनित गरेको एक जना महिलासहित दुईजना | सदस्य |
| (छ) गाउँपालिका भित्रका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना | सदस्य |
| (ज) शिक्षक महासंघको अध्यक्ष | सदस्य |
| (झ) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्थाका अध्यक्षहरुमध्येबाट अध्यक्षले तोकेको एकजना | सदस्य |
| (ञ) शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

(२) शिक्षा समितिको बैठकमा आवश्यकतानुसार विज्ञहरुलाई आमन्त्रण गर्न सकिने छ।

(३) शिक्षा समितिको बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) को खण्ड (घ), (ङ), (च), (छ) र (झ) बमोजिम मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ।

(५) उपदफा (१) अन्तर्गतका मनोनित तथा अन्य सदस्यहरुले आफ्नो पदीय आचरण पालना नगरेको अवस्थामा जुनसुकै बखत कार्यपालिकाले पदबाट हटाउन वा बर्खास्त गर्न सकिने छ। तर त्यसरी हटाउँदा वा बर्खास्त गर्दा मनासिब माफिकको सफाइ पेश गर्ने अवसरबाट वञ्चित गरिनेछैन। यसरी हटाए वा बर्खास्त गरिएउपर न्यायिक समितिमा उजुरी लाग्नेछ।

(६) गाउँ शिक्षा समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) गाउँपालिकाको शैक्षिक योजना निर्माण गर्ने।

(ख) गाउँपालिकाभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धमा गाउँकार्यपालिकामा सिफारिस गर्ने।

(ग) विद्यालयहरुलाई आवश्यक आर्थिक स्रोतको खोजी गर्ने।

(घ) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने परीक्षाहरुलाई मर्यादित, व्यवस्थित र भयरहित बनाउने।

(ङ) व्यवसायिक शिक्षा तथा सिपमूलक शिक्षाको कार्यान्वयन गर्ने, गराउने तथा व्यावसायिक सिपमूलक प्राविधिक शिक्षा विद्यालयको आवश्यकता एवम् संघीय सरकारको मापदण्डबमोजिम तोकिएको कक्षाबाट सञ्चालन गराउने।

(च) विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत बनाउने।

(छ) विद्यालयका लागि आवश्यक साधनस्रोत जुटाउने र परिचालन गर्ने।

(ज) विद्यालयहरुसँग सम्बन्धित विषयहरुको उपयुक्त सम्बोधन गर्ने।

(झ) शिक्षाको गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कनको लेखाजोखा गर्ने।

(ञ) विद्यालयको सामाजिक परीक्षण गर्न लगाउने।

(ट) विद्यालयमा शिक्षाको गुणस्तर उकास्ने उद्देश्यले विद्यालय स्थलगत अनुगमन, निरीक्षण र सुपरिवेक्षण गर्ने।

(ठ) शैक्षिक संस्था र शिक्षक तथा कर्मचारीहरुलाई कामका आधारमा उत्प्रेरणा प्रोत्साहन तथा दण्डको व्यवस्था गर्ने, गराउने।

(ड) करारमा शिक्षक कर्मचारी छनौट गर्ने प्रयोजनका लागि विशेषज्ञको सूची प्रकाशन गर्ने।

(ढ) आवश्यकताअनुसार विज्ञहरु रहेको योजना निर्माण कार्यदल वा विज्ञ परिषद् बनाई शैक्षिक गुणस्तर विकास सम्बन्धी तोकिएबमोजिम कामकाज लगाउने।

(ण) गाउँपालिकाभित्र आवश्यकता र औचित्यका आधारमा तहगत र विषयगत दरबन्दी मिलान गर्ने,गाउँपालिकाभित्र शिक्षकको सरुवा गर्ने, रिक्त दरबन्दीमा अन्य स्थानीय तहबाट समेत सोही स्थानीय तहको सहमति लिई शिक्षक सरुवा गर्न सकिने।

(त) गाउँपालिकाको शिक्षक छनौटको कार्यविधि तयार गरी गाउँ कार्यपालिकामा पेश गर्ने।

(थ) पालिकाभित्रका विद्यालयहरुमा तोकिएको मापदण्डका आधारमा शिक्षक दरबन्दी मिलान र शिक्षक सरुवा गर्ने तथा पालिका बाहिर हुने शिक्षक सरुवाका लागि सहमति प्रदान गर्ने।

(द) यस ऐनअन्तर्गत कुनै कारणवश कुनै विद्यालयको विद्यालय व्यवस्थापन समिति गठन हुन नसकी तीन महिनासम्म व्यवस्थापन समिति रिक्त हुन गई विद्यालयको काम कारबाहीमा गम्भीर असर पुग्ने अवस्था देखिएमा वडा शिक्षा समितिको सिफारिस समेतको आधारमा तदर्थ व्यवस्थापन समिति गठन गर्ने। तर यसो गर्नुअघि विद्यालयले कम्तीमा दुईपटक अभिभावकहरुको भेला बोलाई व्यवस्थापन समिति गठनका लागि प्रयास गर्नुपर्नेछ।

(ध) सामुदायिक सिकाइ केन्द्रहरु स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक नीति तथा मापदण्डहरु निर्धारण गर्ने।

(न) तोकिएबमोजिम अन्य कार्यहरु गर्ने।

**१५. <u>वडा शिक्षा समितिः</u>**

(१) गाउँपालिकाको प्रत्येक वडामा देहायबमोजिमका नौ सदस्यीय वडा शिक्षा समिति गठन हुनेछ।

(क) सम्बन्धित वडाको वडाध्यक्ष — संयोजक

(ख) वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले तोकेको एकजना सदस्य — सदस्य

(ग) सम्बन्धित वडाभित्रका विद्यालयका विव्यस अध्यक्षहरुमध्येबाट वडाध्यक्षले मनोनित गरेको एकजना — सदस्य

(घ) सम्बन्धित वडाका विद्यालयहरुको प्रअ र शिक्षकहरुमध्येबाट वडा समितिले मनोनित गरेको एकजना महिलासहित दुईजना — सदस्य

(ङ) वडाभित्र स्थायी बसोबास गर्ने अभिभावकहरुमध्येबाट वडा समितिले मनोनित गरेको एक महिलासहित दुईजना — सदस्य

(च) शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट वडा समितिले मनोनयन गरेको एकजना — सदस्य

(छ) वडा सचिव — सदस्य सचिव

(२) वडा शिक्षा समितिमा मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ।

(३) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) वडाभित्रका विद्यालयहरुको शैक्षिक उन्नयनका लागि योजना बनाई लागु गर्ने,

(ख) वडाभित्रका सबै विद्यालयहरुको अनुगमन तथा मूल्याङ्कन गरी शैक्षिक गुणस्तर कायम गर्न सहयोग गर्ने, शिक्षक तथा कर्मचारीहरुलाई कार्य गर्न प्रोत्साहित गर्ने, पुरस्कारको व्यवस्था गर्ने । साथै पुरस्कार र दण्डको लागि गाउँपालिकामा सिफारिस गर्ने।

(ग) वडाभित्रका विद्यालयहरुमा शिक्षक र विद्यार्थीको अनुपात र विषयगत सन्तुलन समेत कायम हुने गरी दरबन्दी मिलान गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने।

(घ) वडाभित्रका विद्यालयबीच प्रतिस्पर्धा हुने गरी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरी विद्यार्थीलाई सिकाइप्रति अभिप्रेरित गर्ने।

(ङ) वडाभित्र सामुदायिक सिकाइ केन्द्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने।

(च) वडाभित्र विद्यालयहरु खोल्ने, गाभ्ने, तह थपघट गर्ने, नाम परिवर्तन गर्ने र विद्यालयहरुको स्थान परिवर्तन गर्ने सम्बन्धमा गाउँ शिक्षा समितिलाई सिफारिस गर्ने।

(छ) वडाभित्रका विद्यालयहरुमा आर्थिक एवम् अन्य स्रोत पहिचान र व्यवस्थापन गर्ने।

(ज) वडाभित्रका विद्यालय तथा शिक्षण संस्थाहरुको लेखापरीक्षणका लागि लेखापरीक्षकहरु सिफारिस गर्ने।

(झ) गाउँ शिक्षा समितिको निर्देशन बमोजिम कार्य गर्ने।

(ञ) तोकिएबमोजिम अन्य कार्य गर्ने।

**१६. करार शिक्षक छनौट समितिः**

(१) कुनै पनि विद्यालयमा स्वीकृत दरबन्दी वा अनुदान कोटा (राहतकोटा), संघीय तथा प्रदेश शिक्षण सहयोग अनुदान, गाउँपालिका अनुदान कोटामा पद रिक्त भई करारमा शिक्षक/सहयोगी कार्यकर्ता नियुक्ति गर्नुपर्ने भएमा सो प्रयोजनका लागि देहायबमोजिमको करार शिक्षक छनौट समिति रहनेछ।

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) सम्बन्धित विषय र तहका दुईजना विषय विज्ञ | सदस्य |
| (ग) शिक्षा शाखा प्रमुख वा संयोजक तोकेको अधिकृत | सदस्य-सचिव |

(२) उक्त समितिको कार्यविधि र बैठकसम्बन्धी अन्य व्यवस्था सोही समितिले तोकेबमोजिम हुनेछ।

(३) समितिले गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयको रिक्त वा रिक्त हुन सक्ने शिक्षक पदमा पदपूर्तिका लागि शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन गरी सफल उम्मेद्वारहरुको योग्यताक्रम बमोजिमको सूची प्रकाशन गर्नेछ।

(४) यसरी प्रकाशित सूचीको योग्यताक्रमका आधारमा विद्यालय व्यवस्थापन समितिले करारमा शिक्षक/सका नियुक्त गरी कामकाजमा लगाउनु पर्नेछ।

**१७. शिक्षा अनुगमन समितिः**

(१) विद्यालय शिक्षाको समग्र पक्षको अनुगमन गर्न देहायबमोजिमको शिक्षा अनुगमन समिति रहनेछ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समितिको संयोजक | सदस्य |
| (ग) सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य | सदस्य |

(घ) दफा १४ को उपदफा १ को खण्ड (च) बमोजिमको गाउँ शिक्षा समितिका सदस्यमध्ये संयोजकले मनोनित गरेको एकजना — सदस्य

(ङ) शिक्षा शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी — सदस्य-सचिव

(२) अनुगमन समितिले गरेको अनुगमनको प्रतिवेदन गाउँ शिक्षा समितिसमक्ष आवधिक रुपमा पेश गर्नुपर्नेछ।

(३) थप काम कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

**१८.शिक्षा शाखा प्रमुख:**

(१) गाउँपालिकामा शिक्षा हेर्ने एकजना शिक्षा शाखा प्रमुख रहनेछ।

(२) शिक्षा शाखा प्रमुखको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) पालिकास्तरीय शिक्षासम्बन्धी योजना गाउँ कार्यपालिका र गाउँसभाबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने।

(ख) गाउँपालिकाको शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउने।

(ग) शैक्षिक तथ्याङ्क अद्यावधिक गरी, गराई प्रदेश तथा संघीय मन्त्रालयमा पठाउने व्यवस्था मिलाउने।

(घ) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने।

(ङ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने, सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा विद्यालय कर्मचारीको पदस्थापना, करार सम्झौता, सरुवा तथा बढुवासम्बन्धी कार्य गर्ने, स्वीकृत दरबन्दी अनुसार शिक्षक कर्मचारीको तलब भत्ता निकासा गर्ने।

(च) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको बिदाको अभिलेख अद्यावधिक गर्न लगाउने, विद्यालयले स्वीकृत गर्ने बाहेकका अन्य बिदाहरु स्वीकृत गर्ने। स्थायी शिक्षकको सालबसाली बिदा प्रमाणित गर्ने।

(छ) विद्यालयहरुको क्लष्टर बनाई तालिम सञ्चालन तथा अनुगमन सुपरिवेक्षण लगायत अन्य शैक्षिक क्रियाकलाप सञ्चालनको व्यवस्था मिलाउने।

(ज) विद्यालयको शैक्षिक गुणस्तर बढाउन प्रधानाध्यापक, शिक्षक, विव्यस, अभिभावक तथा अन्य सरोकारवालाहरुको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने।

(झ) सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो काम कर्तव्यप्रति जिम्मेवार र जवाफदेही बनाउन प्रधानाध्यापकलाई समसामयिक निर्देशन दिने र सोको अनुगमन गर्ने।

(ञ) विद्यालय तहको पालिकास्तरीय आवधिक परीक्षा तथा आधारभूत तह (कक्षा-८) को परीक्षा सञ्चालन गर्ने, गराउने।

(ट) प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा निर्देशन र समन्वयमा कार्यसम्पादन गर्ने।

## परिच्छेदः ५

## विद्यालय व्यवस्थापन समितिसम्बन्धी व्यवस्था:

**१९.विद्यालय व्यवस्थापन समितिको गठन:**

(१) विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न प्रत्येक सामुदायिक विद्यालयमा देहायबमोजिमका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका आधारभूत विद्यालयको हकमा कम्तीमा दुईजना महिलासहित चारजना र माध्यमिक विद्यालयको हकमा कम्तीमा एकजना दलित, दुईजना महिला सहित छ जना — सदस्य

(ख) सम्बन्धित वडाको वडाध्यक्ष वा वडाध्यक्षले तोकेको वडा सदस्य एकजना — सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय वुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्ति वा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गर्ने व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिलासहित दुईजना — सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको शिक्षक एकजना — सदस्य

(ङ) प्रधानाध्यापक — सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट सम्बन्धित वडा समितिले मनोनित गरेको सदस्य विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनेछ।

(३) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत १ छात्रा सहित २ जना विद्यार्थीलाई व्यवस्थापन समितिको बैठकमा अनिवार्य आमन्त्रण गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम गठित समितिको मनोनित सदस्य वा अध्यक्षको पदावधि ३ वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पदअनुसारको आचरण पालना नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी पदबाट हटाउनुअघि वा समिति विघटन गर्नुअघि सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिनेछैन।

(५) विद्यालय व्यवस्थापन समितिको गठन प्रक्रियासम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) सामुदायिक विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने।

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी वडा शिक्षा समिति र गाउँपालिकालाई दिने।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण विगार्न नदिने।

(च) स्थायी नियुक्ति लिएर आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने।

(छ) गाउँपालिकाबाट स्वीकृत दरबन्दीमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्ने।

(ज) शिक्षक सेवा आयोगको करार सूचीमा रहेका उम्मेद्वारलाई योग्यताक्रमको आधारमा विद्यालयमा रिक्त पदमा करार नियुक्ति दिने। त्यस्ता करार सूचीका उम्मेद्वार नपाइएमा वा नभएको खण्डमा गाउँपालिकाको करार सूचीका उम्मेद्वारलाई योग्यताक्रमको आधारमा विद्यालयको रिक्त पदमा नियुक्ति दिने।

(झ) गाउँपालिकाले खटाएको लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने।

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।

(ट) गाउँपालिका, गाउँ शिक्षा समिति र वडा शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने।

(ठ) विद्यालयको आन्तरिक स्रोतबाट खर्च व्यहोर्नेगरी नियुक्ति वा बढुवा गरेका शिक्षकका लागि सेवा, शर्त र सुविधा तोक्ने र तोकिएबमोजिम पारिश्रमिक तथा सुविधाहरुको व्यवस्था गर्ने।

(ड) शिक्षक र कर्मचारीहरुलाई तोकिएबमोजिम प्रोत्साहन र कारबाही गर्ने।

(ढ) वार्षिक रुपमा सामाजिक परीक्षण गराई सोको प्रतिवेदन सम्बन्धित वडा कार्यालय र गाउँपालिकामा पठाउने।

(ण) रिक्त रहेको स्वीकृत दरबन्दी वा अनुदान कोटा, राहत कोटा वा बालविकास केन्द्रमा गाउँ शिक्षा समितिले प्रकाशन गरेको करार सूचीका योग्यताक्रम अनुसारका उम्मेद्वारलाई नियुक्ति दिई कामकाज लगाउनु पर्नेछ। तर शिक्षक सेवा आयोगको करार सूचीका उम्मेद्वार सम्पर्कमा आएसम्म सोही उम्मेद्वारलाई नियुक्ति दिई कामकाजमा लगाउनु पर्नेछ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न र शैक्षिक गुणस्तर कायम गरी शैक्षिक क्रियाकलाप सञ्चालनका लागि प्रत्येक विद्यालयमा देहायका सदस्य रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः

(क) विद्यालयका संस्थापक वा लगानीकर्तामध्येबाट विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरुमध्येबाट सम्बन्धित वडा समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) गाउँपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एक जना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(८) उपदफा (७) बमोजिमको अध्यक्ष वा सदस्यको पदावधि ३ वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा वा प्रमाणित भएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारीले जुनसुकै बखत पदबाट हटाउन सक्ने छ । तर त्यसरी पदबाट हटाउनुअघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन । त्यसरी पदबाट हटिसकेपछि हुने रिक्त पदमा बाँकी अवधिका लागि तत् तत् अभिभावक वा पदाधिकारीले मनोनयन वा नियुक्त गर्न सक्नेछ ।

(९) संस्थागत विद्यालय व्यवस्थापन समितिको काम कर्तब्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल अचल सम्पत्तिको लगत राख्ने ।

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने ।

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने । राजनीतिक, धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण बिगार्न नदिने ।

(ङ) गाउँपालिकाले तोकेबमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रुपमा गर्ने ।

(च) प्रचलित कानुनबमोजिम शिक्षक पदका लागि उम्मेद्वार हुने योग्यता पुगेको व्यक्तिलाई शिक्षक छनौट समितिको अनुमति लिई शिक्षक पदमा नियुक्ति गर्ने ।

(छ) गाउँपालिकाले तोकेबमोजिमको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलबभत्ता खुवाउने ।

(ज) अनुशासनहीन शिक्षक कर्मचारीलाई कारबाही गर्ने ।

(झ) शिक्षा ऐन, नियमावली तथा अन्य कानुनमा उल्लिखित व्यवस्थाका अतिरिक्त गाउँपालिकाबाट जारी शिक्षासँग सम्बन्धित सबै कानुन, नीति नियम, कार्यविधि, निर्देशिका र निर्देशनहरुको पालना गर्ने, गराउने।

(ञ) विद्यालयको शैक्षिक, आर्थिक लगायत अतिरिक्त क्रियाकलापसमेतको प्रतिवेदन आवधिक रुपमा गाउँ शिक्षा समितिमा पेश गर्नुपर्नेछ । सो सम्बन्धमा गाउँ शिक्षा समितिले दिएको सुझाव र निर्देशन पालना गर्ने, गराउने ।

(ट) गाउँ शिक्षा समितिबाट स्वीकृत शुल्क मात्र लागु गर्ने, गराउने ।

(ठ) लेखापरीक्षण प्रतिवेदन र सामाजिक परीक्षणको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने गराउने ।

(१०) विद्यालय व्यवस्थापन समितिका अन्य काम, कर्तव्य र अधिकार, सदस्यको योग्यता, सदस्य छनौट सम्बन्धी व्यवस्था र बैठक सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(११)कुनै पनि व्यक्ति दुई कार्यकालभन्दा बढी विद्यालयको व्यवस्थापन समितिमा रहन सक्नेछैन तर पदेन सदस्यको हकमा यो व्यवस्था लागु हुनेछैन। साथै निजामती कर्मचारी, सेना, प्रहरी, शिक्षक वा सार्वजनिक संस्थामा वैतनिक रुपमा काम गर्ने बहालवाला कर्मचारी सदस्य पदमा बहाल हुन सक्नेछैन तर शिक्षक प्रतिनिधिको रुपमा सदस्य हुन शिक्षकलाई बाधा पर्ने छैन। त्यसैगरी निवृत्त कुनै पनि कर्मचारीलाई यस व्यवस्थाले सदस्य हुन बाधा पर्नेछैन।

**२०. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै पनि विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको भनी वडा शिक्षा समिति मार्फत् वा सिधै गाउँ शिक्षा समितिले कारणसहित गाउँ कार्यपालिकामा सिफारिस गरेमा सोको कारण खुलाई गाउँ कार्यपालिकाले तोकिएको प्रक्रिया पूरा गरी विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ। तर यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति रिक्त भई एक महिनासम्म पुनःगठन हुन नसकेमा विद्यालय व्यवस्थापन समितिको काम गर्न तदर्थ व्यवस्थापन समिति आधारभूत तहको विद्यालयको हकमा सम्बन्धित वडा शिक्षा समितिले र माध्यमिक विद्यालयको हकमा गाउँ शिक्षा समितिले गठन गर्न सक्नेछ।

(३) तर दफा (२) बमोजिम तदर्थ व्यवस्थापन समिति गठन गर्नुभन्दा अगाडि विद्यालयले व्यवस्थापन समिति गठनका लागि कम्तीमा दुईपटक अभिभावकहरुको भेला बोलाई व्यवस्थापन समिति गठनका लागि प्रयास गरेको हुनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम अभिभावकहरुको भेला समयमै बोलाउनु सम्बन्धित प्रधानाध्यापकको कर्तव्य हुनेछ।

**२१. विद्यालय सञ्चालन कार्ययोजनाः**

(१) यस ऐन वा प्रचलित कानुनको अधिनमा रही प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, उद्देश्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सहक्रियाकलाप र बालबालिकाको चौतर्फी विकास हुने, शील निर्माण हुने र सिकाइ उपलब्धि वृद्धि हुने लगायतका क्रियाकलापहरुको स्पष्ट खाका बनाई विद्यालयको कार्ययोजना अभिभावक भेलाबाट पारित गराई लागु गर्नुपर्नेछ।

(२) विद्यालयको कार्ययोजना अनुसार विद्यालय सञ्चालन गर्नु विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक, शिक्षक सबैको कर्तव्य हुनेछ।

(३) अद्यावधिक कार्ययोजना पारित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(४) गाउँपालिकाले गाउँभित्रको शैक्षिक उन्नयनका लागि नमुना विद्यालयको विकास गर्न, आवश्यकताअनुसार नमुना विद्यालय स्थापना गर्न वा हाल सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमध्येबाट नमुना विद्यालयको रुपमा छनौट गरी सञ्चालन गर्न सक्नेछ। नमुना विद्यालयलाई सम्बन्धित विषयमा आवश्यक शिक्षक वा स्वयमसेवक र थप सहयोगको व्यवस्था तोकिएबमोजिम गरिनेछ।

## परिच्छेदः ६

## आर्थिक र जिन्सी व्यवस्था, लेखा र लेखापरीक्षण तथा अन्य व्यवस्थाः

**२२. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष रहनेछ, जसमा देहायबमोजिमका स्रोतबाट प्राप्त रकम रहनेछ।

(क) नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दानदातव्यबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र व्यवस्थापन गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ। उक्त कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक परीक्षण तोकिएबमोजिम हुनेछ।

**२३. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको नियमित अनुदान रकममा कटौती नहुने गरी तोकिएको शीर्षकमा स्रोतबमोजिम मापदण्डको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइँदै आएको अनुदान रकम तोकिएबमोजिम कटौती गर्न सकिने छ।

(२) गाउँपालिकाभित्र मौजुदा रहेको शिक्षक दरबन्दी मिलान गर्दा नपुग हुने अवस्था रहेको वा माध्यमिक तहको मुख्य विषय विज्ञान, गणित र अङ्ग्रेजी विषय शिक्षणका लागि माध्यमिक/निम्नमाध्यमिक तहको दरबन्दी कम भएको अवस्थामा गाउँपालिकाले सामुदायिक विद्यालयहरुमा दरबन्दी सिर्जना गरी तोकिएबमोजिम शिक्षण सहयोग अनुदान दिन सक्नेछ।

(३) उपदफा (२) मा उल्लिखित अनुदानको अतिरिक्त सामुदायिक विद्यालयलाई तोकिएबमोजिम अन्य अनुदान उपलब्ध गराइनेछ।

**२४.प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः**

गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिएबमोजिमको अनुदान रकम दिन सक्नेछ।

**२५. शुल्कसम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीहरुबाट कुनै पनि किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयले लिन सक्नेछ।

(३) विद्यालयले विद्यार्थीहरुलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(४) विद्यालयले आफ्नो भौतिक संरचना निर्माण गर्नका लागि विद्यार्थीहरुसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(५) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा गाउँपालिकाले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्नेछ।

**२६.छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः**

(१) गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीहरुलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) गाउँपालिकाले गरिब, जेहन्दार विद्यार्थीहरु वा कुनै निश्चित तह र कक्षाका सबै विद्यार्थीका लागि स्टेशनरी र पोशाक लगायत सामग्रीको व्यवस्था गर्न सक्नेछ।

(३) गाउँपालिकाले तोकिएबमोजिम कार्यविधि र मापदण्ड बनाई विशेष छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न सक्नेछ। त्यस्तो छात्रवृत्ति प्राविधिक शिक्षा र उच्च शिक्षाको समेत हुनेछ।

(४) संस्थागत विद्यालयले भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी जेहेन्दार, तोकिएबमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्ग, छात्रा, दलित वा जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको छात्रवृत्ति व्यवस्थापनका लागि विद्यालयले गाउँपालिकाको प्रतिनिधिसमेत रहने छात्रवृत्ति छनौट समिति गठन गर्नुपर्नेछ । सो समितिको निर्णयानुसार छात्रवृत्ति उपलब्ध गराई सोको विवरण गाउँपालिकाको कार्यालयमा पेश गर्ने अनिवार्य दायित्व विद्यालयको हुनेछ ।

**२७. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएमा वा विद्यालय बन्द गरिएमा वा कुनै विद्यालयमा गाभिएको अवस्थामा सो विद्यालयको सम्पत्ति गाभिएको अवस्थामा सोही गाभिएको विद्यालयमा र बन्द वा अनुमति स्वीकृति रद्द गरिएको अवस्थामा सोही वडाको नजिकैको विद्यालय वा दूरीको हिसाबले सबैभन्दा नजिकको जुनसुकै वडाको विद्यालयमा सम्पत्ति हस्तान्तरणको व्यवस्था गर्न सकिनेछ । तर अन्य कुनै पनि विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेचबिखन गरी प्राप्त भएको रकम शैक्षिक विकासमा खर्च गर्नेगरी गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

(२) विद्यालयको सम्पत्ति सर्वसाधारणलाई भाडा वा करार वा लिजमा दिँदा पूर्ण प्रतिस्पर्धाका आधारमा दिने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ ।

**२८. विद्यालयलाई छुट र सुविधाः**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक विद्यालय तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा तोकेबमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सामुदायिक विद्यालय, शैक्षिक गुठी, धार्मिक विद्यालय तथा सहकारी विद्यालयको रुपमा सञ्चालित विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

**२९. लेखा र लेखापरीक्षणसम्बन्धी व्यवस्थाः**

(१) विद्यालयले दोहोरो स्रेस्ता प्रणाली र प्रचलित लेखामानका आधारमा आयव्ययको स्रेस्ता राख्नुपर्नेछ ।

(२) विद्यालयले राखेको स्रेस्ताको प्रचलित कानुनबमोजिम रजिष्टर्ड तथा गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट वार्षिक रुपमा लेखापरीक्षण गराउनुपर्नेछ ।

(३) विद्यालयको लेखापरीक्षणका लागि वडा शिक्षा समितिको सिफारिसमा गाउँ शिक्षा सिमितिले लेखा परीक्षकको नियुक्ति गर्नेछ ।

## परिच्छेदः ७

## दरबन्दी, दरबन्दी मिलान,शैक्षिक योग्यता, नियुक्ति र सरुवासम्बन्धी व्यवस्थाः

**३०.दरबन्दी तथा दरबन्दी मिलानसम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिकाभित्रका विद्यालयमा कार्यरत शिक्षक कर्मचारीको दरबन्दी गाउँ शिक्षा समिति मातहत रहनेछ ।

(२) गाउँ शिक्षा समितिले विद्यालयमा आवश्यकताका आधारमा शिक्षक तथा कर्मचारीको व्यवस्थापन गर्नेछ ।

(३) गाउँ शिक्षा समितिले प्रत्येक वर्ष मापदण्ड र तोकिएको आधारमा शिक्षक विद्यार्थी अनुपात निर्धारण गरी दरबन्दी मिलान गर्न सक्नेछ ।

(४) हाल रहेको शिक्षक जगेडा दरबन्दी यसै ऐनबमोजिम गाउँपालिका मातहत रहनेछ ।

**३१. शैक्षिक योग्यताः** विद्यालयको शिक्षक, कर्मचारी एवम् बालविकास केन्द्रको सहयोगी कार्यकर्ताका लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ।

**३२. शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्नेः** गाउँपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिएबमोजिम विद्यार्थी शिक्षक अनुपात कायम गर्नुपर्नेछ।

**३३. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालय वा प्रशासनिक वा विशेषज्ञ सेवा लिने काममा बाहेक अन्य काममा लगाउनु हुँदैन।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा गाउँपालिकाले विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी वैकल्पिक व्यवस्था मिलाई तोकिएको अन्य कुनै काममा खटाउन सक्नेछ।

**३४. शिक्षकको नियुक्ति र सरुवासम्बन्धी व्यवस्थाः**

(१) विद्यालयमा रिक्त स्थायी, अस्थायी, करार, अनुदानकोटा, राहत र बालविकास केन्द्रका सहयोगी कार्यकर्ताको नियुक्तिको व्यवस्था तोकिएबमोजिम हुनेछ।

(२) गाउँपालिकाभित्र सरुवाका लागि निवेदन दिने स्थायी शिक्षकले गाउँपालिकाअन्तर्गतको एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्नुपर्ने भएमा सम्बन्धित दुवै विद्यालयको विद्यालय व्यवस्थापन समितिको सहमतिसहित गाउँपालिकामा निवेदन दिएमा गाउँ शिक्षा समितिले तोकिएबमोजिम प्रक्रिया अपनाई सरुवा गर्न सक्नेछ।

(३) उपदफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी, करार, अनुदान कोटा र राहत शिक्षकहरुलाई समेत गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाभित्रका एक विद्यालयबाट अर्को विद्यालयमा दरबन्दी मिलानका क्रममा र कुनै विद्यालयको तह घटाउँदा, विद्यालयलाई अर्को विद्यालयमा गाभिदा वा कुनै प्रकारले विद्यालय बन्दा गर्नुपर्दा फाजिलमा पर्न गएको अवस्थामा गाउँ कार्यपालिकाले सरुवा गर्न सक्नेछ।

(४) अन्य स्थानीय तहअन्तर्गतका विद्यालयमा कार्यरत शिक्षकले यस गाउँपालिकाअन्तर्गतका विद्यालयको रिक्त समान तहको पदमा सरुवा वा समान पदमा पारस्पारिक सरुवा भई आउन चाहेमा दुवै विद्यालय र कार्यरत स्थानीय तहको सहमतिसहित निवेदन पेश गरेमा गाउँ शिक्षा समितिले सरुवा गर्न सक्नेछ।

(५) शिक्षक सेवा आयोगबाट सफल भई सिफारिस भएका शिक्षकलाई माध्यमिक/निम्नमाध्यमिकको हकमा विषय मिल्नेगरी र प्राथमिक तहको हकमा दरबन्दी मिल्नेगरी स्थायी नियुक्ति तथा पदस्थापना गरी काममा लगाउनुपर्नेछ।

(६) रिक्त दरबन्दीमा करार शिक्षक नियुक्ति गर्दा शिक्षक सेवा आयोगको करार सूचीलाई पहिलो प्राथमिकता दिइनेछ। आयोगको करार सूचीका उम्मेद्वार उपलब्ध नभएमा गाउँ शिक्षक छनौट समितिले प्रकाशन गरेको करार सूचीबाट विद्यालयमा विषयगत र दरबन्दीका आधारमा करार नियुक्तिको व्यवस्था मिलाइने छ।

**३५.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा ३३ बमोजिम अन्यत्र काममा लगाएको अवस्थामा र नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैनन् र सो अवधि सेवामा गणना समेत हुनेछैन।

**३६. प्रधानाध्यापकसम्बन्धी व्यवस्थाः**

(१) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहनेछ।

(२) गाउँपालिकाले निश्चित मापदण्ड बनाई निश्चित अवधिका लागि करार सम्झौता गरी प्रधानाध्यापक नियुक्त गर्न सक्नेछ। निजको सेवा शर्त र सुविधासम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिले कामकाजमा लगाउनुपर्नेछ ।

**३७.<u>स्थायी आवासीय अनुमति लिन नहुने:</u>** सामुदायिक विद्यालयमा कार्यरत कुनै पनि शिक्षक वा कर्मचारीले अन्य कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिनु हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका शिक्षक वा कर्मचारीलाई दण्ड वा सजाय तोकिएबमोजिम हुनेछ ।

**३८.<u>शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था:</u>**

(१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितसम्बन्धी कार्य तथा शैक्षिक गुणस्तर अभिवृद्धि सम्बन्धमा सहयोग गर्न पालिकास्तरमा एक शिक्षक महासंघ रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महासंघको गठन प्रक्रिया तोकिएबमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षक तथा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत् पदबाट हटाउन गाउँ शिक्षा समितिमा सिफारिस गर्नेछ । अनुगमन समितिको प्रतिवेदन र गाउँ शिक्षा समितिको सिफारिस समेतका आधारमा गाउँ कार्यपालिकाले सेवाबाट बर्खास्त गर्न सक्नेछः

(क) तोकिएबमोजिम पदीय दायित्व पूरा नगरेमा,

(ख) बिनासूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित भएमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा चिकित्सकबाट प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य व्यावसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी कुनै राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको प्रमाणित भएमा ।

<u>(स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिम गठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीयस्तरका कार्यकारिणी समिति सम्झनुपर्छ।)</u>

(छ) शिक्षक वा कर्मचारीले कार्यालय समयमा व्यावसायिक हकहितका नाममा अमुक राजनैतिक दलको हित वा विरोधमा कार्य गर्ने गतिविधिमा संलग्न भएमा ।

(ज) कुनै पनि देशको स्थायी आवासीय अनुमति लिएमा वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिएको प्रमाणित भएमा ।

(४) उपदफा (२) बमोजिम वा अन्य कारणले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु वा बर्खास्त गर्नुपर्ने आवश्यक प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर पदबाट हटाउनुअघि निजलाई मनासिब माफिकको सफाइ पेश गर्ने अवसरबाट वञ्चित गरिने छैन ।

**३९. <u>अदालतको आदेशबाट पुनः बहाली हुन सक्ने:</u>**

(१) दफा (३८) बमोजिम सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक कर्मचारी अदालतको आदेश वा फैसलाबमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षक वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनः बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धिसमेत पाउन सक्नेछ ।

# परिच्छेदः ८

# विविधः

**४०. विद्यालय सुरक्षित क्षेत्र हुनेः**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१)बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने शर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ।

**४१. बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाइनेछैन । तर बलमिच्याइँ गरेको अवस्थामा सुधार गर्ने उदेश्यले आवश्यक कारबाहीका लागि सिफारिस गरी पठाउन बाधा पुगेको मानिने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

**४२.प्रगति विवरण बुझाउनुपर्नेः**

शैक्षिकसत्रको अन्त्यमा विद्यालयले लिएको लक्ष्य, उद्देश्यअनुरुप शैक्षिक उपलब्धि हासिल भए/नभएको, विद्यार्थीको सिकाइ उपलब्धि हासिल भए/नभएको लागयत समग्र शैक्षिक प्रगति विवरण गाउँपालिकासमक्ष पेश गर्नुपर्नेछ।

**४३. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानुनले तोकेबमोजिम सजाय हुनेछः

(क) प्रश्न पत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापर्बाही वा गैरजिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृतिविना प्रवेश गरेमा वा प्रवेश गर्न प्रयत्न गरेमा वा परीक्षा केन्द्रलाई नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक ब्रिजकोर्ष, कोचिङ कक्षा, परामर्श कक्षा, ट्युशन सेन्टर, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा।

(ज) कानुन विपरीतका अन्य कार्य गरेमा।

(३) कानुनबमोजिमको कसुर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारीउपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारीउपर मुद्दा दायर भएको मितिदेखि मुद्दाको अन्तिम फैसला नभएसम्म निलम्बित हुनेछन्। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ।

**४४. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनबमोजिम पुनरावेदन लाग्नेछ।

**४५.गाउँपालिकाले अनुमति र निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित छात्रावास, ट्युशन सेन्टर, कोचिङ सेन्टर सञ्चालनका लागि तोकिएबमोजिम शर्त पूरा गरेको संस्थालाई अनुमति र आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम दिइएको निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**४६. नियम, निर्देशिका, कार्यविधि बनाई जारी गर्ने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक व्यवस्थाहरुसहित शिक्षा नियमावली बनाई जारी गर्न सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनका लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका तथा कार्यविधि र मापदण्ड वा आधार तयार गरी लागु गर्न सक्नेछ ।

(३) गाउँपालिकाले समग्र शैक्षिक क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयसँग सम्बन्धित विशेष निर्देशन जारी गर्न सक्नेछ ।

**४७. सङ्क्रमणकालीन व्यवस्थाः**

(१) यस ऐनले तोकेबमोजिम वा तोकिएबमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म गाउँ कार्यपालिकाको निर्णयबमोजिम गर्न सक्नेछ ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँपालिकाले दिन सक्नेछ ।

(३) यस ऐन जारी हुनुपूर्व पालिकाको विद्यालय शिक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धमा प्रचलित कानुन तथा गल्छी गाउँपालिकाको शिक्षा कार्यविधि, २०७४ बमोजिम गरेका कार्य यसै ऐनबमोजिम भए गरेको मानिनेछ ।

**४८. बाधा अड्काउ फुकाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको निर्णयले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ ।

**४९. बचाउ र नहुनेः**

(१) यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियम, निर्देशिका र कार्यविधिमा उल्लेख भएको विषय सोहीबमोजिम र उल्लेख नभएको विषय प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) संविधान र सङ्घीय तथा प्रादेशिक कानुनसँग बाझिएको यस ऐनको दफा र उपदफाहरु बाझिएको हदसम्म स्वतः निष्क्रिय हुनेछ ।

(३) यसअघि कानुनबमोजिम नियुक्त शिक्षक तथा कर्मचारीहरुलाई नेपाल सरकारबाट दिइँदै आएको सेवा सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानुनबमोजिम दण्ड, सजाय र कारबाही गर्न बाधा पर्नेछैन ।

प्रमाणीकरण गर्ने

...........................

गाउँपालिका अध्यक्षः श्री केदारनाथ खतिवडा

प्रमाणीकरण मितिः २०८० साल .... महिना .... गते ..बार